# सूचना नम्बर : ४/२०७२-७३

यस निगममा रिक्त रहेका देहायबमोजिमका पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएको हुँदा निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को परिच्छेद ४ को विनियम ४.२ को उपविनियम (१) र परिच्छेद ६ को विनियम ६.१ बमोजिमको २०७३ असार मसान्तसम्ममा न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुग्ने तथा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको सेवा अवधिको हकमा उपरोक्त सेवा अवधिभन्दा एक वर्ष कम सेवा अवधि पुरा गरेका तथा सोही विनियमावलीको परिच्छेद ६ को ६.२(१) बमोजिमको अवस्था नभएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र निगमको योजना, प्रशासन तथा मानव संशाधन विकास विभाग, केन्द्रीय कार्यालय, बबरमहलमा दरखास्तसाथ पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

| सि.नं | विज्ञापन नम्बर | पद | तह | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | २०/२०७२-०७३ | नायव कार्यकारी निर्देशक | ११ | - | - | १ |
| २. | २१/२०७२-०७३ | निर्देशक | १० | - | - | १ |
| ३. | २२/२०७२-०७३ | उप-निर्देशक (प्रशासन) | ९ | अप्राविधिक | प्रशासन | २ |
| ४. | २३/२०७२-०७३ | उप-निर्देशक (लेखा) | ९ | अप्राविधिक | लेखा | १ |
| ५ | २४/२०७२-०७३ | प्रबन्धक (प्रशासन) | ८ | अप्राविधिक | प्रशासन | ४ |
| ६. | २५/२०७२-०७३ | प्रबन्धक (लेखा) | ८ | अप्राविधिक | लेखा | १ |
| ७. | २६/२०७२-०७३ | उप-प्रबन्धक (प्रशासन) | ७ | अप्राविधिक | प्रशासन | ४ |
| ८. | २७/२०७२-०७३ | उप-प्रबन्धक (लेखा) | ७ | अप्राविधिक | लेखा | १ |
| ९. | २८/२०७२-०७३ | सहायक प्रबन्धक (प्रशासन) | ६ | अप्राविधिक | प्रशासन | २ |
| १०. | २९/२०७२-०७३ | सहायक प्रबन्धक (लेखा) | ६ | अप्राविधिक | लेखा | १ |
| ११. | ३०/२०७२-०७३ | वरिष्ठ सहायक (प्रशासन) | ५ | अप्राविधिक | प्रशासन | २ |
| १२. | ३१/२०७२-०७३ | वरिष्ठ सहायक (कम्प्युटर) | ५ | प्राविधिक | विविध | १ |
| १३. | ३२/२०७२-०७३ | वरिष्ठ सहायक (मिस्त्री) | ५ | प्राविधिक | इञ्जिनियरिङ्ग | २ |

**नोट**:

१. उम्मेदवारले दरखास्तसाथ आफूले प्राप्त गरेको ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव तथा तालीमसहितको व्यक्तिगत विवरण तथा आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ।

२. आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रमा स्थायी बसोवास भएका उम्मेदवारहरूले नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ (एक्काइसौं संशोधनसहित) को विनियम ४.२ को उपविनियम ९ मा उल्लेख भएका तत्तत् समूहसम्बन्धी कागजातहरूको प्रमाण सम्बन्धित निकायबाट प्राप्त गरी दरखास्तसाथ पेस गर्नुपर्नेछ। साथै, समावेशीतर्फ विनियमावलीको विनियम ६.१(३) अनुसार नियुक्ति वा बढुवा हुँदा निगमको नोकरी सेवा अवधिभरिमा एकपटक मात्र उपयोग गर्न पाउने व्यवस्थाअनुसार त्यस्तो कुनै समावेशीको सुविधा उपभोग गरिसकेको भए दरखास्तसाथ सोसमेत उल्लेख गर्नुपर्नेछ।

३. तोकिएको अवधिभित्र दरखास्त पेस नगरेमा त्यस्तो उम्मेदवारलाई सम्भाव्य उम्मेदवारको रूपमा समावेश गरिने छैन।

४. आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि दरखास्त पेस गर्ने उम्मेदवारहरूको हकमा परीक्षा दस्तुर उप-निर्देशक र सोभन्दा माथिका पदहरूका लागि रू. १०००।-, प्रबन्धक पदका लागि रू. ९००।-, उप-प्रबन्धक पदको लागि रू. ८००।-, सहायक प्रबन्धक पदको लागि रू. ७००।- र वरिष्ठ सहायक पदको लागि रू.४००।- राष्ट्रिय वाणिज्य बैंकस्थित निगमको चल्ती खाता नं.१०९००६६२९४०१ मा जम्मा गरेको भौचरको सक्कलै प्रति दरखास्तसाथ पेस गर्नुपर्नेछ।

५. आन्तरिक प्रतियोगितात्मक परीक्षाको लिखित परीक्षा हुने मिति, स्थान र समय निगमको सूचनापाटीमा पछि टाँस गरिनेछ।

पदपूर्ति समिति

**नेपाल आयल निगम लिमिटेड**